# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७८

ग्रामथान गाउँपालिका,

मोरङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
**Office of the Auditor General**
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
(प्रदेश नं.१ र प्रदेश नं.२ लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्याः २०७८/७९
च.नं. १५०

मितिः २०७८/५/४

श्री अध्यक्षज्यू,
ग्रामथान गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,
मोरङ ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(नेत्र कुमार खत्री)
नायव महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G.Fax: 977-1-4268309, Fax: 977-1-426-27-98, Post Box: 13328
Email : aag.mgmt@oagnep.gov.np

"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वासनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पु¥याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**
**महालेखापरीक्षक**

२०७८ भाद्र ४ गते

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

**(प्रदेश नं १ र २ लेखापरीक्षण महानिर्देशनालय)**

संख्याः २०७८/७९ मितिः२०७८।५।४

च.नः १४९

**श्री अध्यक्षज्यू,**

**ग्रामथान गाउँपालिका,**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**मोरङ ।**

**विषयः लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले ग्रामथान गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूतरुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछर्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना चौविस (२४) यसैसाथ संलग्न छ ।

२. लेखापरीक्षणबाट रु. १ करोड ६० लाख ५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १७ लाख ७९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. १५ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २ लाख १२ हजार र पेश्की रु. २४ लाख ४९ हजार रहेको छ ।

३. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं ।त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत ग्रामथान गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नेत्र कुमार खत्री)

नायव महालेखापरीक्ष

**ग्रामथान गाउँपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७६/७७**

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ७ वडा, ३८ सभा सदस्य, ७१.१४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३७ हजार १३६ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष -** आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय-व्यय हिसावको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः
गाउँपालिकालाई एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ स्वीकृत भएको, नेपाल सार्वजनिक क्षेत्र लेखामान (NEPSAS) बमोजिमका फारामहरु सहितको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार गाउँपालिकाको यस वर्षको आय व्यय विवरण निम्नानुसार रहेको छ ।

| आ.व.: २०७६/७७ अवधी : २०७६/०४/०१ - २०७७/०३/३१ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ती भुक्तानी हिसाव | | | | | |
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ५७०६८१४४०.३७ | ५४०६९८४२२.०३ | | ५४०६९८४२२.०३ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४५५६१४००० | ४२१९४७६७८.८ | ० | ४२१९४७६७८.८ |
| ११००० कर | ११ | ८९९९७००० | ६९६२०६७० | ० | ६९६२०६७० |
| १३००० अनुदान | | ३५५०९२००० | ३३३०९३६६५.५३ | ० | ३३३०९३६६५.५३ |
| संघीय सरकार | १२ | ३११५६९००० | २९०९७३२६१.५३ | ० | २९०९७३२६१.५३ |
| प्रदेश सरकार | १२ | ४२८२३००० | ४१३५८६१९ | ० | ४१३५८६१९ |
| जनसहभागिता | | ७००००० | ७६१७८५ | ० | ७६१७८५ |
| १४००० अन्य राजस्व | | १०५२५००० | १९२३३३४३.२७ | ० | १९२३३३४३.२७ |
| ख. अन्य प्राप्ति | | ११५०६७४४०.३७ | ११८७५०७४३.२३ | | ११८७५०७४३.२३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | २०४३९४४०.३७ | २४४१७९७०.४९ | ० | २४४१७९७०.४९ |
| धरौटी | | ० | ९६१२३१५. | ० | ९६१२३१५. |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९४६२८००० | ८४७२०४५७.७४ | ० | ८४७२०४५७.७४ |
| भुक्तानी (ग+घ) | | ६०८५१२६९८.३७ | ४८२१४८८१०.३ | | ४८२१४८८१०.३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४९३४४५२५८ | ३७७२४२८२५.७४ | | ३७७२४२८२५.७४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२६३३७००० | ११९३२६२२१.६७ | ० | ११९३२६२२१.६७ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२७१४३३३६ | ९५३६६७०७.०५ | ० | ९५३६६७०७.०५ |
| २५००० सहायता (Subsidy) | १८ | ३०४०४००० | २६७७६८०७.९१ | ० | २६७७६८०७.९१ |
| २६००० अनुदान | १८ | २४०००० | १००००० | ० | १००००० |
| २७००० सामाजिक सुरक्षा | १८ | ४६९७००० | ४३१९८८० | ० | ४३१९८८० |
| २८००० अन्य खर्च | १८ | १०००००० | ३९५९०० | ० | ३९५९०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २०३६२३९२२ | १३०९५७३०९.११ | ० | १३०९५७३०९.११ |
| घ. अन्य भूक्तानी | | ११५०६७४४०.३७ | १०४९०५९८४.५६ | | १०४९०५९८४.५६ |
| कोषहरु | | २०४३९४४०.३७ | १६४८६५०१.८२ | ० | १६४८६५०१.८२ |
| धरौटी | | ० | ३६९९०२५. | ० | ३६९९०२५ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ९४६२८००० | ८४७२०४५७.७४ | ० | ८४७२०४५७.७४ |
| ङ. यो वर्षको बचत (न्युन) | | -३७८३१२५८ | ५८५४९६११.७३ | | ५८५४९६११.७३ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३७८३१२५८ | | ३७८३१२५८ |
| वर्षान्तको बाँकी रकम (ङ + च) | | -३७८३१२५८ | ९६३८०८६९.७३ | | ९६३८०८६९.७३ |
| बैंक तथा नगद बाकी | २४ | | ९६३८०८६९.७३ | | ९६३८०८६९.७३ |

| बेरुजु दफा | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | बेरुजु रकम |
|---|---|---|
| | **वित्तीय विवरणको विश्लेषण** | |
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको श्रावण एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।<br>पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आःआफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस किसिमको कार्यविधि बनाएको छैन । कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन समस्या परेको स्थिति रहेको छ । आन्तरिक नियन्त्रण सम्वन्धी अन्य व्यहोराहरु देहायमा उल्लेख छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाईयो।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अद्यावधिक गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम निर्माण कार्यको बीमा गराउनु पर्ने व्यवस्था छ तर बीमा गर्ने परीपाटीको विकास भएको पाईएन ।<br>• प्रत्येक कर्मचारीका पदको कार्यविवरण वनाई लागू गरेको पाईएन । (निजामती सेवा ऐन २०४९ को दफा ५)<br>• उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमको पहिचान गरी निराकरण गरेको पाईएन । (आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९५)<br>• जिन्सी निरीक्षण प्रतिवेदन वमोजिम मर्मत तथा लिलाम गर्नुपर्ने भनी उल्लेख भएकोमा सोको कार्यान्वयन भएको पाईएन । (आर्थिक कार्यविधि नियमावली २०६४को नियम ५०(३)<br>• कार्यालयले वर्षभरी सम्पादन गरेको कामको वार्षिक आर्थिक कारोवार प्रतिवेदन तयार गरेको पाईएन । | |

- केही योजनाको लागत अनुमान तयार स्वीकृति नापी मूल्याङ्कन ठेक्का विल  कार्य सम्पन्न प्रतिवेदनमा स्वीकृत गरेको मिति उल्लेख गरेको पाईएन ।
- भ्रमण अभिलेख खाता अद्यावधिक राखेको पाईएन । (भ्रमण खर्च नियमावली २०६४ को दफा २१)
- भ्रमण प्रतिवेदन तयार गरी पेश गर्ने गरेको पाईएन   ।
- उपभोक्ता समितिबाट निर्माण सम्वन्धी कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा खरिद नियमावली वमोजिमको खरिद विधि अपनाएको पाईएन ।(सार्वजनिक खरिद ऐनको दफा ३।१)
- उपभोक्ता समितिले गरेका कामकारबाहीको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकिएको अवधि भित्र सामाजिक लेखापरीक्षण गर्नु पर्नेमा केही उपभोक्ता समितिहरुले सो वमोजिम सामाजिक लेखापरीक्षण गरेको पाइएन । (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७)
- आयकरमा दर्ता नभएकोलाई आय ठेक्का दिएको पाईयो ।
- निकायको आ.व. २०७६/७७ को नीति तथा कार्यक्रममा उल्लेख भएका कार्यक्रम मध्ये कति उद्धेश्य पुरा भयो वा प्रगति प्राप्ति भयो र कुन कुन कार्यक्रम पुरा भएका छैनन भनि विश्लेषण गरेको छैन । नीति तथा कार्यक्रम र बजेटमा उल्लेखित व्यहोराको कार्यान्वयन सम्बन्धमा प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४(१) मा पेश्की लिनुपर्दा कुन कामको निमित्त के कति पेश्की चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने समेत उल्लेख छ । कार्यक्रम सञ्चालनको लागि पेश्की लिदा त्यसको विवरण पेश गरे तापनि स्वीकृत कार्यक्रमको नर्म्समा आधारित नभएको हुँदा आवश्यक भन्दा बढी पेश्की दिने गरेको पाइयो । एक कार्यक्रमको लागि पेश्की दिएपछि सो कार्यक्रम सम्पन्न नभएसम्म अर्को कार्यक्रमको पेश्की दिन नहुनेमा कर्मचारीलाई पेश्की माथि पेश्की दिने गरेको पाइयो । यसरी आवश्यकता भन्दा बढी पेश्की दिने र पेश्की माथि पेश्की दिने कार्यमा नियन्त्रण हुनुपर्छ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा रु. २५ हजार भन्दा माथिको मालसामान खरिद गर्दा सम्वन्धित मालसामानको स्फेशिफिकेशन सहित लागत अनुमान तयार गरेर मात्र खरिद गर्नु पर्ने सो अनुरुप गरेको देखिएन।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले सो बमोजिमको सूची तयार नगरी सालबसाली योजनाहरुमात्र संचालन गरेको छ ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायलाई प्राप्त भएको भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार खरिद संझौतामा उल्लेखित अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ भने नियमावली, २०६४ को नियम ३ मा खरिद कारवाहीको तयारी प्याकेजिङ्ग सम्वन्धी व्यवस्था छ । सार्वजनिक खरिद कार्य गर्दा एउटै प्याकेजमा समावेश गर्न सकिने प्रकृतिको कामलाई प्याकेजिङ्ग गरी वढी भन्दा वढी प्रतिस्पर्धा हुनेगरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ । त्यस कार्यालयले उस्तै प्रकृतिको कार्यलाई समेत प्याकेजिङ्ग नगरी टुक्रा टुक्रा गरी वर्षैभरी एक पटकमा रु ५ लाख भन्दा घटिको हुनेगरी पटक पटक सोझै खरिद (३ वटा खुल्ला दरभाउपत्र लिई )गरेको देखिएको छ । खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना गर्नुपर्दछ ।
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस

| | | | |
|---|---|---|---|
| | नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br>• वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाईएन ।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• वित्तीय जवाफदेहिता पालनाः आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ।<br>आन्तरिक नियन्त्रण व्यवस्थाले नियमितता, मितव्ययीता, पारदर्शिता र सेवा प्रवाहमा असर पर्ने भएकोले उल्लेखित नियमको प्रावधान पालना गरी उपर्युक्त विषयमा सुधार गर्नुपर्दछ । | | |
| ३. | **विवरण सार्वजनिकः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(३) मा प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने तथा दफा ७६(४) मा आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले खर्चको प्रगति विवरण तथा आय व्ययको विवरण सार्वजनिक गरेको देखिएन । अतः कानुन बमोजिम प्रगति विवरण कार्यपालिकामा पेश गर्ने तथा आय व्ययको विवरण सार्वजनिक गर्नुपर्दछ । | | |

<table>
<tr><td></td><td>बजेट तथा कार्यक्रम</td><td></td></tr>
<tr><td>४.</td><td>बजेट पेश, पारित र अख्तियारी - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री फुलकुमारी चौधरीले मिति २०७६।३।१० गते रु. ४१ करोड ३ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।३०। मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७६।५।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ</td><td></td></tr>
<tr><td>५.</td><td>चौमासिक पूँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><th rowspan="2">पूँजीगत खर्च शीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="3">चौमासिक खर्च (रु.हजारमा)</th><th rowspan="2">आषाढ महिनाको मात्र खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेस्रे चौमासिक</th></tr>
<tr><td></td><td>८३७४१</td><td>५७७८</td><td>१९८५१</td><td>५८११२</td><td>३८९८०</td></tr>
</table></td><td></td></tr>
<tr><td>६.</td><td>गाउँपालिकाले रु. ५ लाख भन्दा कमका टुक्रे योजनाहरुको सञ्चालन गरेको देखिन्छ । यस्तो प्रकृतिका योजनाहरुको लागि आर्थिक मानवीय साधनहरुको लागतको तुलनामा प्राप्त प्रतिफल न्यून हुने तथा दिगो विकासमा समेत टेवा नपुग्ने देखिन्छ । अतः कार्यालयले उपलब्ध स्रोत साधनहरुलाई मितव्ययी तरिकाले परिचालन गरी प्रभावकारी रुपले उच्चत्तम प्रतिफल प्राप्त गर्ने तथा वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा उल्लेखित निर्देशिकाको कार्यान्वयनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७.</td><td>मध्यकालीन खर्च संरचनाः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहित देहायको विवरण सहित मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले उक्त बमोजिम खर्चको मध्यकालीन खर्च संरचना समेत तयार गर्नुपर्दछ । तर गाउँपालिकाले सो गरेको देखिएन ।<br>
(क) प्रस्तावित योजनाको उद्देश्य,<br>
(ख) प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुटयाउन आवश्यकताको पुष्टयाई,<br>
(ग) प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धि,<br>
(घ) प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण,<br>
(ङ) खर्च व्यहोर्ने स्रोत र खर्च गरिएको रकमबाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धिको प्रक्षेपण,<br>
(च) प्रस्तावित योजनाको मध्यम अवधिको खर्चको रणनीति र त्यसको वार्षिक खर्चसगँको तादाम्यता,<br>
(छ) सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुटयाइएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण ।<br>
गाउँपालिकाले मध्यमकालीन खर्च संरचाना स्वीकृत गरी लागू गरेको पाइएन । ऐनको व्यवस्था बमोजिम सार्वजनिक खर्चको विवरण तयार गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

८. **श्रोत अनुमान तथा वजेट सीमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण सन्तुलित वितरणमा बजेट सीमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथमिकीकरण बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्यनमा ल्याएता पनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा नराखेकोले साना ठुला मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी आगामी दिनमा कार्यान्वयनमा ल्याउन सकिने छनौट गरिनु पर्दछ । वजेट तथा श्रोतको प्राथमिकता तयार गरी योजना कार्यान्वयनमा ल्याउने तर्फ विशेष ध्यान पुग्नु आवश्यक छ।

९. **चौमासिक विवरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा स्थानीय तहले स्थानीय सञ्चित कोषमा भएको आय व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय , प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था छ । कार्यालयले चौमासिक विवरण तोकिएको निकायमा पठाएको देखिएन । अतः कानुनको परिपालना हुनुपर्दछ ।

१०. **सेवा प्रवाह स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) मा गाउँपालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था रहेको छ । गाउँपालिकाले वडा कार्यालयबाट सम्पादित नागरिकता सिफारिस, घरबाटो, नाता प्रमाणित, पञ्जिकरणको तथ्यांक तथा अभिलेखलाई व्यवस्थित तुल्याउँदै सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ । यस गाउँपालिका तथा अन्तर्गतका वडाबाट यस बर्ष सम्पादित सेवा प्रवाहको स्थिति निम्नानुसार रहेकोछ ।

| क्र.सं | विवरण | निवेदन संख्या | सिफारिस संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता सिफारिस | ७५७ | ७५७ | |
| २ | घरबाटो सिफारिस | १२७० | १२७० | |
| ३ | नाता प्रमाणित | २३४ | २३४ | |
| ४ | जन्म मृत्यु दर्ता | ९०३ | ९०३ | |
| ५ | अन्य | ३४३४ | ३४३४ | |

११. **योजनागत लक्ष्य प्रगतिः** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका पालिकास्तरी तथा वडास्तरीय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण दिएको देखिएन । जसबाट सञ्चालित योजना तथा कार्यक्रमको कार्य सम्पादन र प्रगति सम्वन्धमा एकिन गर्न तथा पालिकाबाट सञ्चालित कार्यक्रमको उपलब्धि सम्वन्धमा विश्लेषण गर्न सकिएन। नियमावलीले तोके वमोजिमको ढाँचामा क्रियाकलापगत परिमाण र खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने पर्दछ ।

१२. **खरिद योजनाः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ बमोजिम सार्वजनिक निकायले तोकिए बमोजिम खरिदको गुरुयोजना तथा वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो अनुरुप खरिद योजना तयार गरेको पाइएन । अत ऐन तथा नियमावलीमा तोके बमोजिम गुरु योजना तथा वार्षिक खरिद योजना बनाउने र सो बमोजिम खरिद व्यवस्थापन गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्नेछ ।

१३. **योजना छनौटः** स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित) को बुँदा न. ३ मा गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा निम्न विषयलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ ।

क) आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने

ख) उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

ग) जनताको जीवनस्तर आम्दानी र रोजगारी बढ्ने

घ) स्थानीय सहभागिता जुट्ने स्वमंसेवा परिचालन गर्न सकिने तथा लागत कम पुग्ने

ङ) स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने

च) महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

छ) लैगिंक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने

ज) दीगो विकास वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने आदि ।

वार्षिक योजना तथा वजेट तयार गर्दा दिग्दर्शनमा उल्लेखित व्यहोराको पालना गरेर मात्र संचालन गर्नुपर्दछ ।

**संगठन तथा कर्मचारी व्यवस्थापन**

१४. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८२ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७५ पदपूर्ती भएको देखिन्छ ।

१५. **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न १२ पदमा ४१ जना कर्मचारीहरु करारमा नियुक्ति गरी रु. ११४२६४१८।- खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ६ पदमा ६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.७३२५३०।- भुक्तानी गरेको अनियमित देखिएको रु....... ७३२५३०/-

१६. **बढी ग्रेड भुक्तानी**:- ६२७.-२०७७।३।२९ कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ को उपदफा ४ मा सरकारी सेवामा श्रेणीगत रुपमा कार्यरत कर्मचारी प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा कर्मचारीको सेवा अवधि र शैक्षिक योग्यताको आधारमा तह मिलान र ग्रेड कायम हुने गरी समायोजन गरेको छ । तर कार्यालयले देहायका कर्मचारीहरुलाई सो ऐनमा कायम गरेको ग्रेड भन्दा बढी ग्रेड भुक्तानी गरेको हुँदा बढी रकम असुल गरी स्थानीय संचित कोषमा दाखिला गर्नु पर्ने रु. ३९०९८२/-

| कर्मचारीको नाम | समायोजन भएको पद | आ.व.२०७४।७५ मा बढी ग्रेड भुक्तानी रकम | | आ.व.२०७५।७६ मा बढी ग्रेड भुक्तानी रकम | | चाड पर्व खर्च २०७६ | थप संचय कोष | जम्मा रकम | सा.सु. कर कट्टी | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ग्रेड | रकम | ग्रेड | रकम | | | | | |
| चन्द्रप्रकाश कट्टेल | अ.छैटौ | २४ | २४४०८ | ७२ | ८६४०० | ७२०० | ११०८१ | १२९०८९ | १०६९ | १२८०२० |
| टेकनाथ घिमिरे | अ.छैटौ | २० | २०३४० | ७२ | ८६४०० | ७२०० | १०६७४ | १२४६१४ | १०३३ | १२३५८१ |
| बालकृष्ण ढकाल | अ.छैटौ | २० | २०३४० | ७२ | ८६४०० | ७२०० | १०६७४ | १२४६१४ | १०३३ | १२३५८१ |
| विश्वमणी न्यौपाने | स.पाँचौ | ३ | २३४९ | १२ | ११२८० | ९४० | १३६३ | १५९३२ | १३२ | १५८०० |
| | | | | | | | | | जम्मा | ३९०९८२ |

१७. **कर्मचारी जोखिम भत्ता**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ मा स्थानीय सेवा शर्त तथा सुविधा सम्वन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानुन वमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलव स्केल प्रदेश सरकाले तोके वमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोके वमोजिम हुने व्यवस्था छ। गाउँपालिकाले गाउँपरिषद्को निर्णयानुसार गाउँपालिकामा कार्यरत पछिल्लो तीन महिना हाजिर भएका कर्मचारीहरुलाई कोरोना जोखिम स्वरुप रु.९२९१०३।- भत्ता भुक्तानी भएको देखियो । उक्त सुविधा संघीय कानुनको सिद्धान्त र मापदण्ड अनुकूल तथा नियमसम्मत नदेखिएको रु. ९२९१०३।-

| | | |
|---|---|---|
| १८. | **उपदानः** साविक दुई गाउँ विकास समितिका कर्मचारी विहालाल विश्वास थारु, मोतिपुर गा.वि.स. कार्यालयबाट मिति २०६६।४।१ गते र जितनारायण भगत थारु, सिधराहा गा.वि.स. कार्यालयबाट २०६७ साल देखि अनिवार्य अवकाश भएको उल्लेख छ । निजहरुलाई उपदान रकम भुक्तानी गर्न बाँकीको प्रमाण बेगर गाउँपालिकाको पाँचौ गाउँसभाको निर्णय नं. विविध(१७) मा निजहरुलाई जनही रु. १,५०,०००।- का दरले उपदान दिने निर्णय गरेको पाईयो । भुक्तानी पाउने आधार र बाँकी रहेको प्रमाण वेगर गाउँसभाको निर्णयको आधारबाट भुक्तानी गरेकोले असुल उपर गरी स्थानीय संचित कोषमा दाखिला गर्न पर्ने रु. | ३०००००/- |
| | **कानून निर्माण एवं कार्यान्वयन** | |
| १९. | **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ३ वटा ऐन, २ वटा नियमावली र ७ वटा कार्यविधि तथा मापदण्ड निर्माण तथा राजपत्रमा प्रकाशन गरी कार्यान्यनमा ल्याएको छ । | |
| २०. | **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष ७९ विवाद दर्ता भएकोमा ५३ वटा मात्र फछ्र्यौट भई २६ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१. | **वित्तीय जवाफदेहिता पालनाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिँदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी खर्च लेखा र त्यसको जिन्सी नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्दछ। | |
| | **राजस्व तर्फ** | |
| २२. | **आन्तरिक आम्दानीः** नेपालको संविधान २०७२ को धारा २३० बमोजिम गाउँपालिकाले आर्थिक ऐन, २०७६ तयार गरी लागू गरेको भएतापनि सोही अनुरुप निर्धारित दरमा शुल्क तथा कर रकम नियमित रुपमा असुल गर्ने गरेको पाइएन ।<br>• गाउँपालिका क्षेत्रमा रहेका विभिन्न व्यापार व्यवसाय परामर्शदाता लगायतका सबै निकाय बैंक तथा वित्तीय संस्था, अन्य सघं सस्था आदिलाई अनिवार्य दर्ता गराउने नवीकरण गर्ने तथा निर्धारित वार्षिक कर दस्तुर समेत असुल गर्ने कार्य प्रभावकारी रुपमा भए गरेको पाइएन ।<br>• मनोरञ्जन कर वापत कुनैपनि रकम असुल गरेको पाइएन । गाउँपालिका क्षेत्रमा रहेका सिनेमा घर तथा चलचित्र भवन तथा होटलको दर्ता नविकरण तथा वार्षिक कर असुल गरेको पाइएन ।<br>• विभिन्न सघं संस्थाका घर तथा कार्यालय बहालकर असुल गर्न पूर्व अध्ययन गर्ने तथा कार्यान्वयन प्रभावकारी रुपमा गर्ने तर्फ कार्यालयको विशेष ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।<br>जस्तै पसल तथा विभिन्न कार्यालयहरुको पूर्ण विवरण तयार गर्ने दर्ता तथा नविकरण अद्यावधिक गर्ने प्रति वर्ग फिटमा स्थान अनुसार बहालदर निर्धारण गरी असुल गर्नुपर्ने । | |
| २३. | **व्यवसाय करः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र तोकिएको व्यापार व्यवसाय वा पेशामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा तोकिए बमोजिम व्यवसाय कर लगाई असुल गर्न सक्ने व्यवस्था अनुसार यस आर्थिक वर्षमा व्यवसाय कर रु. ७,८७,३२६।- असुल गरेको देखियो । प्रत्येक वर्ष कर असुल नभएका व्यवसायी करदाताहरुको अभिलेख खडा गरी कानुनी प्रक्रिया मार्फत कर रकम असुली गर्नुपर्ने देखिन्छ । | |
| २४. | **अनुमानमा घटी आयः** गाउँपालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आय तर्फ कर सेवा शुल्क दस्तुर वापत अनुमानित रु. ४२८०६२५८।०० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ | |

मा रु. ३५५८२०९९।६४  अर्थात अनुमानको तुलनामा १६.८८ प्रतिशत घटी आय प्राप्त गरेको छ । आयको अनुमान र वास्तविक प्राप्ति विच धेरै फरक परेको कारण पहिचान गरी वास्तविक श्रोतको यथार्थता एकिन गरी आय आर्जन गर्ने तर्फ विशेष रुपले ध्यान दिन आवश्यक देखिएको छ ।

२५. **राजश्व कारोबारको लेखाः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम नियम ९२ (१) मा प्रत्येक कार्यालयले राजश्वको लेखा महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं. १०५ र १०८ नराखेको तथा दैनिक राजश्व असूलीको भौचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०५ र म.ले.प.फा.नं. १०८ राखि राजश्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले ढिला दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

२६. **रसिद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टा गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला खातामा प्रविष्ट गर्नुपर्दछ । कार्यालयले राजस्व असुलीमा प्रयोग हुने रसिद के कति छपाई भयो गत विगतका कति रसीद बाँकी थिए र यो वर्ष खर्च भई के कति आगामी वर्षको लागि जिम्मेवारी सारेको छ तथा वडाहरुमा के कति रसिद पठाएको हो सो खुल्ने रसिद नियन्त्रण खाता राख्ने नगरेकोले राजस्व असूलीमा प्रयोग हुने रसिद उपर्युक्त ढङ्गबाट प्रयोग भएको छ भन्न सकिने आधार भएन । रसिदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ ।

२७. **जरिवाना दस्तुर —** खोला जन्य पदार्थ अबैध चोरी निकासी गरी अनाधिकृत रुपमा ढुवानी गर्ने व्यक्तिलाई स्थानीय प्रहरीको समन्वयमा नियन्त्रण लिई टयाक्टर प्रति ट्रिप रु. १००००।००, ट्रिपर प्रति ट्रिप रु. २००००।०० र जे.सि.वि.(स्काभेटर) रु. ३००००।०० जरिमाना गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्ने गाउँकार्य पालिकाको निर्णयमा उल्लेख छ । तर देहाय बमोजिमको ट्र्याकटर नियन्त्रणमा लिई कार्यपालिकाको निर्णय भन्दा कम जरिवाना दस्तुर लिएकोले छुट दस्तुर लिई स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. ५००००

| क।स। | गाडीको वि रण | नियन्त्रणमा लिएको मिति | गाडीको विवरण | प्राप्त जरीमाना | लाग्ने जरिमाना | प्राप् गर्नु पर्ने जरिमाना |
|---|---|---|---|---|---|---|
| १ | को २ त ३९४० | २०७६।६।९ | टयाक्टर | ३००० | १०००० | ७००० |
| २ | को २ त २६२२ | २०७६।८।२७ | टयाक्टर | ३००० | १०००० | ७००० |
| ३ | को २ त ३०८३ | २०७६।८।२७ | टयाक्टर | ३००० | १०००० | ७००० |
| ४ | को २ त ११९६ | २०७६।८।२९ | टयाक्टर | १००० | १०००० | ९००० |
| ५ | को १ ख ५६८८ | २०७६।८।२९ | टिपर | १०००० | २०००० | १०००० |
| ६ | को १ ख ४४९६ | २०७६।८।२९ | टिपर | १०००० | २०००० | १०००० |
| | | | | | जम्मा | ५०००० |

२८. **असुली गर्न बाँकी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । तर आय ठेक्का कबोल गरेको व्यवसायी वा व्यक्तिले कार्यालयमा कबोल गरेको रकम सम्झौता अनुसार समयमै दाखिला गर्नुपर्नेमा देहायको ठेक्कामा कबोल गरेको व्यक्तिले ठेक्का रकम दाखिला नगरेको हुँदा उक्त रकम असुल गरी स्थानीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. १८०५००

| हाट ठेक्का | करदाताको नाम | सम्झौता रकम | दाखिला रकम | बाँकी रकम |
|---|---|---|---|---|
| वडा नं. २ | विजय खवास | १२८००० | ६५००० | ६३००० |
| वडा नं. ४ | हेमनारायण धामी | १३०००० | ६५००० | ६५००० |
| वडा नं. ७ | नरेश कुमार माझी | २५५००० | २०२५०० | ५२५०० |
| | | | जम्मा | १८०५०० |

२९. **मूल्य अभिवृद्धि कर असुली नगरेको**– मूल्य अभिवृद्धि कर ऐन, २०५२ र नियमावली, २०५३ अनुसार आय ठेक्कामा मूल्य अभिवृद्धि कर असुली गरी दाखिला गर्नु पर्नेमा यस वर्ष पालिकावाट आय ठेक्का वन्दोवस्त भएका तपसिलको आय ठेक्काहरुमा मूल्य अभिवृद्धि करको रकम असुल गरी दाखिला गरेको नदेखिएकोले असुल गरी संघीय राजश्व खातामा जम्मा भएको प्रमाण पेश हुनुपर्ने रु. ९८६०५/-

| सि।नं | ठेक्का लागेको क्षेत्र | ठेक्का लि ठेको नाम | ठ क्का कर वाहेक रकम | मूल्य अभिवृद्धि कर दाखिला बाँकी |
|---|---|---|---|---|
| १ | वडा नं. २ | विजयकुमार खवास | १२८००० | १६६४० |
| २ | वडा नं. ३ | शिवनारायण सरदार | ६०००० | ७८०० |
| ३ | वडा नं. ४ | हेम नारायण धामी | १३०००० | १६९०० |
| ४ | वडा नं. ५ | शुवालाल थारु | १४०००० | १८२०० |
| ५ | वडा नं. ६ | लैहरी कुमारी चौधरी | ४५५०० | ५९१५ |
| ६ | वडा नं. ७ | नरेश कुमार माझी | २५५००० | ३३१५० |
| | | | जम्मा | ९८६०५ |

**पदाधिकारी सुविधा**

३०. **सल्लाहाकारः** गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ को दफा ३ को उपदफा ३ अनुसार कार्यपालिकाको निणर्य बमोजिम एक जना निजी सचिवको रुपमा राख्न पाउने व्यवस्था छ । सोही व्यवस्था अनुरुप नगर प्रमुखलाई एक जना निजी सचिवको व्यबस्था गरेको अलावा कमल प्रकाश चौधरीलाई कानूनी सल्लाहाकार नियुक्त गरेको पाइयो । ऐनमा व्यवस्था नभएको सल्लाहाकार नियुक्त गरी गाउँपालिकालाई थप आर्थिक व्ययभार पर्ने गरी खर्च लेखेको रकम नियमसंगत नदेखिएको रु. १२२४००/-

| क.स. | नाम | पद | पारिश्रमिक | पारिश्रमिक कर कट्टी | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|
| १ | कमल प्रकाश चौधरी | कानूनी सल्हाकार | १४४००० | २१६०० | १२२४०० |

३१. **अन्य प्रयोजनमा खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७४ को दफा २४ मा खर्च गर्ने कार्यवविधि र मापदण्दको बारेमा उल्लेख गरेको छ । अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यापालिका सदस्य तथा वडा सदस्यहरु देहायको स्थान तथा उद्देश्का लागि वार्षिक कार्यक्रमा नपरेको कार्यको लागि भ्रमणमा गएको तथा भ्रमणबाट के कस्ता उपलब्धी हाँसिल भयो सो विषय समेटेर प्रतिवेदन समेत पेश नभएको भुक्तानी रु. ५७१२००/-

| गो.भौ.नं. | पदाधिकारीहरु | भ्रमणमा गएको स्थान | उद्देश्य | भ्रमण रकम |
|---|---|---|---|---|
| २२८-२०७६।१०।१० | कार्यपालिकाका पदाधिकारीहरु | पश्चिम तराईका विभिन्न जिल्ला | क्षमता अभिवृद्धि | २४८६०० |
| ५४०-२०७७।३।१० | वडा समितिका पदाधिकारीहरु वडा नं. ६ | कोशीटप्पु चितवन | स्पष्ट नखुलेको | ८०६०० |
| ७२-२०७६।६।१६ | वडाध्यक्ष बैजनाथ विश्वास | हेटौडा | प्रयोजन नखुलेको | ८५०० |
| ५३६-२०७७।३।१० | वडा समितिका पदाधिकारी | लाहान | घरेलु तथा साना उद्योग अवलोकन | ५८४०० |
| ५६७-२०७७।३।१४ | वडा नं. ७ का पदाधिकारीहरु | वेलवारी कानेपोखरी | योजना सम्वन्धी अन्तर्क्रिया | ८०५०० |
| ६२१-२०७७।३।२१ | वडा नं.१ का पदाधिकारीहरु | झापामा वाल सेवा केन्द्रको अवलोकन | अवलोकन | २८००० |
| | वडा समितिका पदाधिकारीहरु | तेह्रथुमका विभिन्न स्थानहरुको क्वारेन्टाईन अवलोकन | अवलोकन | ४२५०० |
| ६५३-२०७७।३।२५ | वडा नं. ५ का | उर्लाबारी | क्वारेन्टाईन अवलोकन | २४१०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | पदाधिकारीहरु | | | | |
| | | | | जम्मा | ५७१२०० | |
| | **विनियोजन तर्फ (गा.पा. पूँजीगत)** | | | | | |
| ३२. | **सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ ,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा गाउँपालिकाले वडागत समेत सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको कम्प्युटर ल्यापटप प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धीत जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | | | | | |
| ३३. | **कन्टिन्जेन्सी खर्चः** सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को संसोधन अनुसार कुनै कामका लागि कन्टिन्जेन्सी रकम आवश्यकता नपर्ने भएमा रकम छुट्याउनु हुँदैन । सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम निर्धारण गर्नुपर्दा आवश्यकता र मितव्ययिताको सिद्धान्तलाई ध्यानमा राखी आवश्यकताअनुसार ५ प्रतिशतसम्म कन्टिन्जेन्सी रकम छुट्याउन सकिने छ । यसरी छुट्याएको कन्टिन्जेन्सी रकम को कार्यक्रम बनाई अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएर मात्र खर्च गर्नुपर्नेछ । सो रकममध्ये ५० प्रतिशतभन्दा बढी रकम चालू प्रकृतिको शीर्षकमा खर्च गर्न पाइने छैन साथै सो खर्चको विवरण आर्थिक मामिला तथा योजना मन्त्रालयमा समेत पेश गर्नुपर्नेछ । तर कार्यालयले कन्टिन्जेन्सी खर्चको अभिलेख स्पष्ट राखेको छैन । के कति चालू प्रकृतिमा खर्च भएको हो अभिलेख अद्यावधिक हुनु पर्छ । | | | | | |
| ३४. | **योजनागत खर्च खाताः** त्यस गाउँपालिकाको गाउँसभाले गाउँपालिका पूँजीगत तर्फ विभिन्न योजना तथा कार्यक्रमको लागि रु.१५ करोड ७५ लाख १६ हजार विनियोजन गरेकोमा योजनागत खर्च खाता नराखेको कारण कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति खर्च भएको हो यकिन गर्न सकिएन । यस्तो खाताको अभावमा कुन कुन योजनामा के कति रकम भुक्तानी भयो र के कति बाँकी रहेको छ स्पष्ट नहुने र एउटै योजनामा दोहोरो भुक्तानी हुने जोखिम समेत हुने देखिएको छ । योजनागत खर्च खाता अनिवार्य तयार गरी पेश हुनुपर्दछ । | | | | | |
| ३५. | **उपभोक्ता समितिको छनौट —** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धीत काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर कार्यालयले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा संझौता बाहेक संझौता पूर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन । यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिस्पर्धात्मक तवरले भएको देखिएन । यसबाट निर्माण कार्यको समय लागत र गुणस्तरमा असर पर्ने हुँदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनु पर्दछ । | | | | | |
| ३६. | **नापी कितावः** निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न.५१२ मा उल्लेख गर्नुपर्ने गरी महालेखापरीक्षकबाट स्वीकृत गराई महालेखा नियन्त्रक कार्यालयले लागू गरेको छ । उक्त नापी किताबमा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान चेनेज काम शुरु भएको मिति सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख गरी नापजाँच गर्ने सिफारिस गर्न र स्वीकृत गर्ने कर्मचारीको पद नाम हस्ताक्षर र मिति समेत उल्लेख हुनुपर्ने व्यवस्था छ । कार्यालयले उक्त प्रयोजनलाई नापी किताव प्रयोग गर्दा लुज सिटलाई नै नापी किताव मानी कार्य गर्न गरेको देखिन्छ । यसरी | | | | | |

| | | |
|---|---|---|
| | तयार गरेको नापी किताब काम तामेल भएको बीस वर्ष पछिमात्र धुल्याउन मिल्ने भनि सरकारी कागजात धुल्याउने नियमावली, २०२७ को अनुसूची ५ को बुदा नं ३ मा उल्लेख छ । लेखापरीक्षण क्रममा परीक्षण गर्दा कन्टिन्जेन्सी खर्च नापी कितावमा चढाएको पाइएन । नापी किताव तोकिएको ढाँचामा सबै व्यहोरा नखुलाई लुजसिटमा राख्दा आवश्यकता अनुसार २० वर्षसम्म आवश्यक सूचना लिन सकिने अवस्था छैन । लुजसिटलाई नै नापी किताव मान्ने व्यवस्थालाई नियमले छुट दिएको पनि देखिदैन । तसर्थ नापी कितावमा खुलाउनुपर्ने सबै व्यहोरा खुलाई कोषका प्रमुखबाट प्रमाणित गरी नापी नियन्त्रण खाता म.ले.प.फा.न. ५१२ मा अभिलेख चढाई नापी किताव प्रयोगमा ल्याउनु पर्दछ । | |
| ३७. | **कार्य स्वीकार र कार्यसम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार गर्दा कार्य स्वीकार प्रतिवेदन तयार गरी मात्र निर्माण कार्यको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस्तै नियम १२५ मा निर्माण कार्य सम्पन्न भएको तीस दिनमा निर्माण व्यवसायीले एज विल्ट नक्सा पेश गर्नुपर्ने त्रुटी सच्चाउने दायित्वको अवधि समाप्त भएपछि स्वीकृत ड्रइङ्ग डिजाइन स्पेसिफिकेशन बमोजिम भए नभएको जाँचबुझ गरी कार्यसम्पन प्रतिवेदन तयार गर्नुपर्ने त्यस्तो कार्य सम्पन्न प्रतिवेदन एक तह माथीको अधिकारी समक्ष पेश गर्नुपर्ने त्यस्तो अधिकारीले आवश्यक देखेमा जाँचबुझ गराउन सक्ने र जाँचबुझ गर्दा ड्रइङ्ग डिजाइन स्पेसिफिकेशन बमोजिम भएको पाएमा निर्माण कार्य स्वीकृत गर्ने व्यवस्था छ । यस आयोजनाले निमार्ण कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार नगरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिने गरेको देखियो । निमार्ण कार्य सम्पन्न भएपछि कार्य स्विकार प्रतिवेदन तयार गरी भुक्तानी दिनुपर्ने र त्रुटी सच्चाउने अवधि समाप्त भएपछि सच्चाउनुपर्ने त्रुटिहरु सच्चाएपछि मात्र कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेमा निर्माण कार्य समाप्त हुनासाथै कार्य स्वीकार प्रतिवेदन तयार गरेतापनि त्रुटी सच्याउने अवधि पश्चात कार्य सम्पन्न प्रतिवेदन तयार देखिएन । यसबाट त्रुटी सच्चाउने अवधिको त्रुटिहरु सच्चाएको सुनिश्चित हुने आधार देखिएन । नियमावलीको व्यवस्था बमोजिम कार्य स्वीकार र कार्यसम्पन्न तयार गर्नुपर्ने र कार्यसम्पन्न प्रतिवेदन एक तहमाथिको अधिकारी समक्ष पेश गर्ने व्यवस्थाको अनिवार्य व्यवस्था कार्यान्वियन हुनुपर्दछ । | |
| ३८. | **गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । योजनामा प्रयोग भएको सामानको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षणको व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ३९. | **त्रुटी सच्याउने कार्यः** ठेक्का सम्झौता अनुसारको काम सम्पन्न भएपछि आयोजनालाई निर्मित संरचना हस्तान्तरण गर्ने र हस्तान्तरण गरेको मितिले १ वर्षसम्म त्रुटी सच्चाउने अवधि राखी त्यस अवधिमा बिग्रेका काम निर्माण व्यबसायी मार्फत नै सच्चाई कार्य सम्पन्न गर्ने व्यवस्था गरिए पनि कार्यालयले संचालनमा रहेका योजनाहरुको विवरण अद्यावधिक राखी बिग्रेका कामको लागि निर्माण व्यवसायीलाई पूर्ण रुपमा जिम्मेवार बनाई त्रुटी सच्चाउन लगाउनु पर्दछ । त्रुटी सच्चाउनु पर्ने कार्यको ठेक्कागत अभिलेख राखी त्रुटी सच्चाएपछि मात्र कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ । | |
| ४०. | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) अनुसार उपभोक्ता समिति मार्फत कार्य गर्दा उपभोक्ता समिति वा समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धीत सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था गरेको छ तर यस कार्यालयमा उपभोक्ता समितिमार्फत गरिएका कामको बिल भरपाई पेश गरेतापनि कागजात परीक्षण गर्दा प्राविधिक बिलमा भएको परिमाण र उपभोक्ता समितिले खरिद गरेको निर्माण सामग्रीको परिमाण फरक रहेको पाइएकोले निर्धारित नर्म्स अनुसार नै निर्माणकार्य भएको छ भन्ने आस्वस्त हुने अवस्था छैन । निर्माण कार्य गर्न आवश्यक पर्ने परिमाण भन्दा अधिक खरिद तथा न्यून खरिदको अवस्थामा उपभोक्ता समिति मार्फत गरिएको कामको गुणस्तरीय छ भन्ने अवस्था देखिँदैन । | |

| | | |
|---|---|---|
| ४१. | विराट कालिमाई कन्ष्ट्रक्सन प्रालिले नयाँ वजार थलाहा पुनितलाल माझी सडक कालो पत्रे कार्य गर्दा Prime coat र Track coat को कार्य गर्दा ३२६७ वर्ग मिटरमा कार्य गरेको अनुपातमा premix carpet को कामको भुक्तानी गर्दा ९८.०१ (३२६७*०.०३) घन मिटरको मात्र भुक्तानी हुनुपर्नेमा १००.६५ घन मिटर (premix carpet को मोटाई ०.०३ नै रहेको) कामको भुक्तानी भएको देखिएकोले २.६४ घन मिटरको रु १९१९३.६४ (भ्याट समेत)का दरले असुल हुनुपर्ने रु...... | ५०६७१/- |
| ४२. | विद्या मन्दिर अधुरो भवन निर्माण उपभोक्ता समितिले छत ढलान गर्ने कार्य गर्दा घटी परिमाणमा फलामे रडको काम गरेको देखियो। उक्त कार्य गर्न विभिन्न छट १२ एमएमको ७९० के.जि. १० एमएमको ९७० केजि. र ८ एमएमको १३९ के.जि. गरि जम्मा १८९९ के.जि. खरिद गरेको उपभोक्ता समितिको विलवाट देखिन्छ । तर प्राविधिक विलमा २०४२ के.जि. फलामे डन्डी प्रयोग गरेको प्रविधिक मुल्याँकन गरी २०४२ के.जि. फलामे डन्डीको भुक्तानी गरेको छ । आवश्यकता भन्दा कम परिमाणमा फलामे डन्डी प्रयोग गरिएकोले उक्त काम निर्धारित मापदण्ड बमोजिम गुणस्तरीय छ भन्नेमा आश्वस्त हुन सकिएन । यसरी प्रयोग गरिएको भन्दा १४३ के.जि. वढी फलामे डन्डोको रु.१०० का दरले रु.१५७३० भुक्तानी दिएको हुँदा असुल हुनुपर्ने रु. | १५७३०/- |
| ४३. | **ग्रैह सरकारी संस्थाको कार्यः** सार्बजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा १० लाख रुपैयाँ भन्दा कम रकमको कार्य मौजुदा सूचीमा रहेका गैह्र सरकारी संस्थावाट सूचना प्रकाशन गरी सम्भव भए सम्म ६ वटा र कम्तिमा ३ वटासँग आर्थिक प्रस्ताव माग गरी कामको आवश्यकता किसिम समयावधि गुणस्तर जनशक्ति कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लागत मूल्यांकन विधि अनुसार पारदर्शी रुपमा छनौट गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले एकल महिला उद्यमशिलता विकास कार्यक्रम अन्तरगत ३० दिने वुटिक तालिम सञ्चालन गर्दा उज्जल एकल महिला समाज सेवा संस्थालाई रु.५०००००/- भुक्तानी दिएको छ। सामाजिक विकास मन्त्रालय, प्रदेश नं १ को मिति २०७६/३/१ को पत्रमा सार्वजनिक खरिद एन तथा नियमावली अनुसार जयनेपाल होटल म्यानेजमेन्ट एण्ड ट्रेनिङ प्रा.लि.लाई छनौट गरि सामाजिक विकास मन्त्रालय र यस संस्था वीच सँझौता भएको उल्लेख गरीएको छ। मन्त्रालयले उक्त संस्थासँग कस्तो खरिद प्रक्रिया अपनाएर सम्झौता भएको हो उल्लेख गरिएको छैन। सामाजिक विकास मन्त्रालय प्रदेश १ र उज्जल एकल महिला संस्था ग्रामथान मोरङ वीच २०७६/४/२८ मा सम्झौता भएको छ उक्त सम्झौताअनुसार स्थानीय तहले छनोट गरेका २५ जना तालिमप्राप्त एकल महिलाले ग्रामथान गाउँपालिकामा दर्ता भई तोकिएको स्थानीय तह अन्तर्गतको कार्यक्षेत्रमा व्यवसाय सञ्चालन गर्नुपर्ने उल्लेख गरेको छ त्यस्तै सम्झौताको बुँदा नम्बर ११ मा आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्पूर्ण आर्थिक कारोबारको लेखापरीक्षण गरी सोको प्रतिवेदन समूहले मन्त्रालय तथा ग्रामथान गाउँपालिका लाई उपलब्ध गराउनुपर्ने उल्लेख गरेको छ। तालिममा खर्चको नर्म्स, लागत इस्टीमेट तयार नगरी तालिम सञ्चालन गरेको र सहभागीहरुको छनौटको मापदण्ड स्पष्ट नदेखिएकोले कार्यक्रमले अपेक्षा अनुरुप प्रतिफल प्राप्त हुने विश्वस्त आधार देखिएन। खरिद प्रक्रियाको बारेमा स्पष्ट भएन तथा सम्झौता बमोजिमको लेखापरीक्षण प्रतिवेदन तथा खर्चका विल भरपाई समेत संलग्न नराखी खर्च गरेको रु. | ५०००००/- |
| ४४. | सुरेनको घरदेखि झवरलालको घर सम्म वाटो ग्रावल उपभोक्ता समितिले वाटो ग्रावेल गर्ने कार्य गर्दा नर्म्स अनुसार ४६९ घन मिटर ग्रावेल आवश्यक पर्नेमा समितिले ६० टिपर (७।५ घ.मि. प्रति टिपर) अथवा ४५० घन मिटर मात्र प्रयोग गरेकोमा घटी प्रयोग गरेको १९.०२ घन मिटरको रु.१०३९।४० को दरले असुल हुनुपर्ने रु. | १९७६९/- |
| ४५. | विद्यामन्दिर अधुरो भवन निर्माण उपभोक्ता समितिले छत ढलानको कार्य गर्दा नर्म्स अनुसार २०४२ किलोग्राम रड प्रयोग हुनुपर्नेमा १८९९ किलोग्राम मात्र प्रयोग भएको देखिएको तर प्रविधिक विल अनुसार २०४२ किलोग्रमकै भुक्तानी भएको देखिएको हुँदा प्रयोग नभई १४३ किलोग्रमको भुक्तानी भएको हुदा रु.११० प्रति किलोको दरले असुल हुनुपर्ने रु. | १५७३०/- |
| ४६. | **निर्माण कार्यसँग सम्वन्धित खाताः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२ मा प्रत्येक कार्यालयले विनियोजन राजस्व धरौटी जिन्सी र अन्य आम्दानी खर्चको लेखा महालेखापरीक्षको कार्यालयबाट स्वीकृत ढांचामा राख्नु पर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले निर्माण कार्यसँग सम्वन्धित कार्यको राख्नुपर्ने म.ले.प.फा.नं. ५०५ आइटमवाइज खाता, म.ले.प.फा.नं. ५१२ नापी नियन्त्रण खाता ५०७ ठेक्का सम्वन्धि | |

| | | |
|---|---|---|
| | अभिलेख लगायतका अभिलेखहरु राख्नुपर्नेमा सो राखेको पाइएन । अधिकांश योजनाहरु क्रमागत रुपमा संचालित हुने एवं वार्षिक विनियोजनको आधारमा खण्ड खण्ड गरी कार्यान्वयन गर्नुपर्ने अवस्था रहने भएकोले यस प्रकारका खाता अद्यावधिक गरी राख्नु पर्दछ । यस प्रकारका अभिलेखको अभावमा क्रमागत योजनाको कुल खर्च एवं योजना कार्यान्वयनको स्थिति यकिन गर्न नसकिने भएकोले कार्यालयले निर्माण कार्यसंग सम्वन्धित म.ले.प. फारामहरु अनिवार्य राख्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । | |
| ४७. | **निमार्ण सामाग्रीको गुणस्तर परीक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को निमय ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११ (१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ । उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको ठेक्काद्धारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावि नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन । निर्माण कार्यको परिमाण सूचीमा गुणस्तर परीक्षणको रकम समावेश नहुनु र भएकोमा रकम न्यून भएको कारणले गुणस्तर परीक्षण नभएको देखिन्छ । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण समाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्यको गुणस्तर परीक्षण गरी निर्माण भएको कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ । | |
| ४८. | **आयोजना हस्तान्तरणः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमावलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । उपभोक्ता समितिबाट कार्य गराउन लागत अनुमान तयार गर्दा मर्मत संभार कोष वापत रकम व्यवस्था गरी बिल भुक्तानी गर्दा कट्टा गरी कोषमा रकम जम्मा नगरेकोले सम्पन्न आयोजनाको मर्मत रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने हुदा मर्मत कोषको कट्टी नगरी योजना सम्पन्न गरेको कानुन सम्मत देखिएन । | |
| ४९. | **एजविल्ट नक्सा पेश नभएकोः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्वन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको एज विल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस बर्ष निर्माण सम्पन्न गरेको विभिन्न निर्माण कार्यहरुको निर्माण भए बमोजिमको नक्सा पेश गरेको देखिएन सम्झौताको शर्तमा समेत नक्सा पेश गर्ने उल्लेख गरेको देखिएन। | |
| | **प्रदेश सरकार हस्तान्तरीत कार्यक्रम** | |
| ५०. | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम संचालन दोस्रो संशोधन नियमावली २०७६ (४) अनुसार उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने आयोजना मध्ये भवन र पुल भए उपभोक्ता समितिले कम्तीमा १० प्रतिशत र अन्य आयोजना भए कम्तीमा २० प्रतिशत रकम योगदान गर्नुपर्ने व्यवस्था गरेको छ तर यस गाउँपालिकामा संचालित कार्यक्रममा निम्नानुसारको उपभोक्ता समितिको तर्फबाट योगदान गरेको पाइयो। नियमावलीले तोकेको भन्दा घटी योगदानलाई बढी भुक्तानी गरेकोले असुल गरी दाखिला हुनुपर्ने रु... | ७०६४५५/- |

| उपभोक्ता समितिको नाम | कुल खर्च | उपभोक्ता समितिले वेहोर्नु पर्ने अंश | उपभोक्ता समुहले वेहोको अंश | उपभोक्ता समुहले घटी वेहोरेको अंश |
|---|---|---|---|---|
| ढकियावारी हुँदै कोरिया डाँगी जानेबाटो इस्तर मति उपभोक्ता समिति | ९६८२६७ | १९३६५६ | ९८४८१।४८ | ९५१७२ |
| जुडी खोला पश्चिम हुँदै रामजानकी स्कुल जाने बाटो स्तरोन्नति उपभोक्ता समिति | १६५७८३९ | ३३१५६७।८१ | १६६८९१।८७ | १६४६७५।९४ |

| | | | | |
|---|---|---|---|---|
| सिघराहा मंगलहाट उत्तर जाने सडक निर्माण तथा ग्राभेल उपभोक्ता समिति | १२९११४२।५२ | २५८२२८।५० | १२९६६९।४४ | १२८५५९।०६ |
| कखरमारी नहर पश्चिमको बाटो स्तरउन्नती उपभोक्ता समिति | ११०८८३०।८७ | २२१७६६।१७ | ११०८८३ | ११०८८३।१७ |
| रबि आधारभुत विद्यालय पूर्वधार निर्माण उपभोक्ता समिति | १११३४११।४१ | २२२६८२।२८ | १११३४१ | १११३४१ |
| मंगल हाट देखि उत्तर जाने सडक निर्माण तथा ग्राभेल उपभोक्ता समिति | ११८४८१६।८७ | २३६९६३।३७ | १४११३९।२९ | ९५८२४।०८ |
| जम्मा | ७३२४३०८ | १४६४८६४ | ७५८४०६ | ७०६४५५ |

५१. **सफ्वेयर खरिदः** कार्यालयमा प्रयोगमा रहेका सफ्टवेयरहरु नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सन्चालन) निर्देर्शिका, २०७१ को दफा ४ अनुसार सूचना प्रविधि विभागमा अभिलेखिकरण गर्नुपर्ने व्यवस्था छ । सूचना सुरक्षा नीति तयार तथा लागु गरी सूचना चोरी हुनबाट सुरक्षा प्रदान गरिनु पर्दछ। प्रणाली संचालनका लागि आवश्यक न्यूनतम तयारी पुरा गरेको हुनुपर्छ । प्रणाली सञ्चालन सम्बन्धी अधिकार तथा Supper User Right कार्यालयको नियन्त्रणमा रहेको हुनुपर्छ। कार्यालयले एकीकृत सूचना तथा सेवा व्यवस्थापन प्रणाली विकास गर्न नेशनल इन्कुवेसन एण्ड रिसर्च सेन्टर प्रालिसँग मिति २०७७ असार २५ गते रु.१४९३४०८/- मा सम्झौता गरी गरेको छ। सम्झौताअनुसार प्रणालीको मर्मतसम्भार गर्न प्रत्येक वर्ष करार नवीकरण गर्नुपर्ने र मर्मत खर्च प्रत्येक वर्ष कार्यालयले रु २०००१०/- रुपैया समेत भुक्तानी गर्नुपर्ने दायित्व सिर्जना गरेको छ। तथ्यांक भण्डारणको लागि server/space तथा cloud समेत कार्यालयले उपलव्ध गराउनु पर्ने व्यवस्था संझौतामा गरेको छ । तर कार्यालयले सूचना प्रविधि विभागमा उक्त प्रणाली अभिलेखिकरण गरेको देखिएन। मर्मतको दीर्घकालिन दायित्व सृजना भएको छ। Supper User Right कार्यालयको नियन्त्रणमा नरही प्रालिकै नियन्त्रणमा रहेको छ। यसले गर्दा प्रणालीमा कार्यलयको कुनै किसिमको नियन्त्रणको अवस्था नरहेकोले सूचनाको सुरक्षा हुने अवश्था देखिदैन । यसरी प्रणालीको सुरक्षा तथा स्वामित्व कायम नहुने र दीर्घकालिन दायित्व सृजना हुने गरिएको नियमसंमत नदेखिएको रु..... १४९३४०८/-

५२. **नापी किताव, जडान प्रमाणित नभएको —** सार्वजनिक खरिद नियमावली, २०६४ को दफा १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौताको आधार नापी किताब, रनिङ बिल संलग्न गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ ।साथै दफा १२५ अनुसार प्राविधिक कार्यसम्पादन मूल्याकंनका आधारमा भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस्तो भुक्तानी दिँदा यदि सामान भए सम्बन्धित स्थानहरुमा जडान भए नभएको जडान प्रमाणित र वडाको सिफारिसको आधारमा भुक्तानी दिनुपर्नेमा देहायको भुक्तानीहरुमा गाउँपालिकाले सो प्रमाणहरु पेश नगरी भुक्तानी दिएको हुदा प्रमाण पेश हुनुपर्ने रु. ६९८८४४/-

| भौ.नं. र मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|
| १९९।०७७।३।२५ | ह्युम पाइप खरिद | ३९९६०९ |
| २००।२०७७।३।२५ | ह्युम पाइप खरिद | २९९२३५ |
| | जम्मा | ६९८८४४ |

५३. गाउँपालिकाले संगठन विकास अध्ययन संगठन संरचना र कार्यविवरण सम्बन्धमा अध्ययन गरी "आन्तरिक व्यवस्थापन नियन्त्रण कार्यप्रणाली-२०७७" निर्माण गरेको छ । तर लेखापरीक्षण अवधिसम्म उक्त कार्यप्रणाली तथा अध्ययन प्रतिवेदनमा भएका सुझावहरु कार्यान्वयन भएको छैन । प्रशासन सुधारका लागि दिएका सुझावहरु कार्यान्वयन गर्ने तर्फ पालिकाको ध्यान गएको देखिन्दैन।

५४. **सोझै खरिदः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा प्याकेज बनाई खरिद गर्न नहुने व्यवस्था रहेको छ । तर गाउँपालिकाले कार्यालय सामाग्री खरिद गर्दा रु. ५ लाख भन्दा मुनिका टुक्रे प्याकेज मार्फत पटक पटक विभिन्न फर्मबाट देहाय अनुसार खरिद गरिएको नियमसंम्मत नदेखिएको रु २२४२०३५

| गो.भौ.नं. | आपूर्ति कर्ता | विवरण | रकम |
|---|---|---|---|
| ४३६-२०७७।२।११ | सगरमाथा स्टेशनरी एण्ड जनरल सप्लायर्स | | ९९६६६ |
| ५७२-२०७७।३।१५ | सगरमाथा स्टेशनरी एण्ड जनरल सप्लायर्स | अन्य कार्यालय सामाग्री खरिद | ३४९१७० |
| ६७९-२०७७।३।२७ | शुभलक्ष्मी सप्लायर्स | मसलन्द सामाग्री | २२१९३२ |
| ६७८-२०७७।३।२७ | सगरमाथा स्टेशनरी | मसलन्द सामाग्री | ४५२००० |
| ६९९-२०७७।३।२९ | शुभलक्ष्मी सप्लायर्स | कार्यालय सामाग्री | १५८२०० |
| **सीप विकास सम्बन्धी** | | | |
| ४५२-२०७७।२।१८ | पूर्वाञ्चल सीप विकास केन्द्र | कृषि तथा पशु सम्बन्धी ४ दिने तालीम | १००००० |
| ४४९-२०७७।२।१८ | पूर्वाञ्चल कलेज अफ साइन्स एण्ड टेक्नोलोजी | वडा नं ४ को जनप्रतिनिधि र कर्मचारीलाई कम्प्युटर बेसिक तालीम | १००००० |
| ४४८-२०७७।२।१८ | पूर्वाञ्चल कलेज अफ साइन्स एण्ड टेक्नोलोजी | ड्राईभिङ तालिम संचालन वडान नं. १ | १४९४७७ |
| ४४४-२०७७।२।१३ | पूर्वाञ्चल सीप विकास प्रशिक्षण केन्द्र | दलित जनचेतनामूलक कार्यक्रम | ५०००० |
| ४४३-२०७७।२।१३ | पूर्वाञ्चल सीप विकास प्रशिक्षण केन्द्र | महिला नेतृत्व विकास तालिम | ५०००० |
| ५२३-२०७७।३।५ | पूर्वाञ्चल कलेज अफ साइन्स एण्ड टेक्नोलोजी | सिलाई कटाई तालीम | १९९४४५ |
| ५२१-२०७७।३।५ | पूर्वाञ्चल कलेज अफ साइन्स एण्ड टेक्नोलोजी | एड्भान्स कम्प्युटर तालीम | १९८१४५ |
| ६१५-२०७७।३।२१ | पूर्वाञ्चल कलेज अफ साइन्स एण्ड टेक्नोलोजी | शिक्षकहरुलाई शिक्षण सिकाई तालीम | ११४००० |
| | | जम्मा | २२४२०३५ |

५५. **वितरणमुखी कार्यक्रममा खर्च गरेको**– स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ को उपदफा ३ मा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने स्वयं सेवा परिचालन गर्न सकिने कम लागतमा सम्पन्न गर्न सकिने स्थानीय श्रोत साधन तथा सीपको अधिकतम प्रयोग हुने महिला बालबालिका पिछडिएका वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने लैगिक समानता र सामाजिक समावेशीकरण अभिबृद्धि हुने दिगो विकास, वातावरण संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुऱ्याउने भाषिक तथा साँस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पऱ्याउने विषयलाई प्राथमिकता दिई योजना तर्जुमा गर्नुपर्ने उल्लेख छ । तर गाउँपालिकाले सो ऐनले तोकेका शर्त भन्दा बाहिर योजना बनाई खर्च लेखेको हुँदा आगामी दिनमा एनका शर्त बमोजिम योजना बनाई कार्यान्वियन गर्ने तर्फ दिनुपर्ने देखिन्छ । उदाहरणक लागि देहाय वमोजिम छन्:

| गो.भौ. नं. | भुक्तानि प्रास गर्न व्यक्तिको/संस्थाको नाम | प्रयोजन | रकम रु |
|---|---|---|---|
| ६८-२०७६।६।१६ | खसिकप भेट्रान्स फुटबल प्रतियोगिता | फुटवल प्रतियोगिता | २५००० |
| ७०-२०७६।६।१६ | वडाध्यक्ष श्री बैजनाथ विश्वास | खेलकुद कार्यक्रमका लागि सामाग्री खरिद | २१२५० |
| ८७-२०७६।७।२१ | वडा नं ६ का वडा सदस्य अनिल कुमार खाँ | फुटवल खेल कार्यक्रमका लागि | ५४४५० |
| ८९-२०७६।७।२१ | वडा नं ६ का वडा सदस्य अनिल कुमार खाँ | फुटवल खेल कार्यक्रमका लागि | ५००० |
| १०३-२०७६।७।२५ | उपाध्यक्ष श्री फुलकुमारी चौधरी | जितिया पर्व शुभकामना कार्यक्रम | ४९५०० |
| ११५-२०७६।८।५ | वडा नं। २ अध्यक्ष कृष्णकुमार माझी | खसिकप भेट्रान्स फुटबल प्रतियोगिताको लागि | ४०००० |
| १४३-२०७६।८।२० | त्रिवेणी सामुदायिक सेवा केन्द्र | नकआउट फुटवल प्रतियोगिता | ३५००० |
| ३४३-२०७६।११।२६ | दीपज्योती प्रशिक्षण केन्द्र | कृष्ण जन्माष्टमी रथ यात्रा | ७५००० |
| ६७७-२०७७।३।२७ | विशेष सप्लायर्स | फुटवल तथा जर्सी खरिद गरी मर्निङ स्टार क्लवलाई प्रदान | ९९८९२ |
| | | जम्मा | ४०५०९२ |

| | | |
|---|---|---|
| | **ब.उ.शि.नं. ८०११३५०४५०१ संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु** | |
| ५६. | **सट्टा करार नियुक्तिः** कार्यालयले विद्यालयमा रकम निकासा गर्नु अगावै शिक्षकको विवरण भिडान र यकिन गरेर मात्र निकासा गर्नुपर्नेमा प्रा.वि. तृतीय प्रविण कुमार सरदारलाई करार नियुक्ति(केशर कुमार सरदारको सट्टामा) गरिएको आधारमा भौचर नं. ७३-०७७।३।८ बाट रु. १५३०५०/- भुक्तानी दिएको पाईयो । स्रेस्ता साथमा शिक्षक नियुक्ति प्रकृया, तथा नियुक्ति भएको प्रमाण समावेश नभएकोले सो को प्रमाण पेश हनुपर्ने रु. | १५३०५० |
| ५७. | कार्यक्रम कार्यान्वयन पुस्तिका को क्रियाकलाप ३.१ अनुसार सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान दिन प्रतिविद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययन र विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानमा यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिने यसरी अनुदान दिदा पहिलोपटक अघिल्लो शैक्षिक सत्रको विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने २०७७ वैशाखबाट सुरुहुने शैक्षिकसत्रको विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद तथा वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग्ने रकममात्र अनुदान गर्ने व्यवस्था छ। तर यस कार्यालयले पाठ्यपुस्तकको रकम भुक्तानी गर्दा IEMIS तथ्यांक अद्यावधिक नगरेको तथा लकडाउनका कारण विद्यालय वन्द रहेकोले सो अवधिमा पुस्तक खरिद गरी वितरण गरेनगरेको यकिन नगरी पाठ्यपुस्तको २५ प्रतिशत रकम भुक्तानी गरेको सो रकम २०७७ को IEMIS तथ्यांकसँग भिडान गरी विद्यार्थी संख्याको आधारमा वढी भए असुल गरेको प्रमाण पेश हुनुपर्ने रु. | ५१४३६०/- |
| | **बजेट उपशिर्षकः ८०११३५०४५०२ प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम चालु** | |
| ५८. | प्रदेश निर्वाचन क्षेत्र विशेष कार्यक्रमबाट सूचनाको हक सम्बन्धी अभिमुखिकरण तालिम सबै वडामा संचालन गर्न (च.नं. ३९१-०७७।२।१९ को पत्र अनुसार) सो तालिमलाई विकास गतिविधी र कोरोना सचेतना रेडियो | |

<table>
<tr><td></td><td>कार्यक्रममा संशोधन गरी रु ४,९८,३४५।- मा पूर्वेली जनसञ्चार सहकारी संस्था लि.बाट संचलान गर्न सहमति भै मिति २०७७।२।२७ मा कार्यदिश दिई खर्च गरेको छ । कुनै स्पष्ट आधार एवं विधि तथा प्रकृया वेगर भुक्तानी भएको रकम कानूनसंगत नदेखिएको रु.</td><td>४९८३४५</td></tr>
<tr><td>५९.</td><td>सेनिटरी प्याड खरिद : १८।०७७।१।३ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्च गर्दा विल भरपाई सहित लेखा राख्नु पर्ने उल्लेख छ । तर गाउँपालिकाले सेनिटरी प्याड खरिद गरी रु. ९९८३५।- भुक्तानी भएकोमा सो सामाग्रीको हस्तान्तरण नभएकोले वितरण भए नभएको एकिन हुन नसकेकोले हस्तान्तरण भएको प्रमाण पेश गरी विद्यार्थीले प्राप्त गरे नगरेको सुनिश्चत गराउनु पर्ने रु .</td><td>९९८३५।-</td></tr>
<tr><td>६०.</td><td>कर कट्टीः आय कर ऐन, २०५८ अनुसार अनुगमन भत्ता भुक्तानीमा १५ प्रतिशतका दरले अग्रीम कर कट्टी गरी भूक्तानी दिनुपर्ने व्यवस्था छ । तर 'राष्ट्रिय भिटामिन ए' कार्यक्रमका अनुगमन तथा यातायात खर्च वापत रु. ३०००० भुक्तानी गर्दा कर कट्टा नगरी भुक्तानी भएकोले उक्त रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नु पर्ने रु.</td><td>४५००/-</td></tr>
<tr><td></td><td>बजेट उपशिर्षकः ८०११३५०४३०१ शिक्षातर्फ (गा.पा.को सामानीकरण )</td><td></td></tr>
<tr><td>६१.</td><td>थप तलब भत्ताः कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व.२०७६।७७ को क्रियाकलाप १.१.४.१ प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्माचारी व्यावस्थापन अनुदान संघीय सशर्त बजेटमा हुने व्यवस्था छ । तर पालिकाले बाल विकास केन्द्रका सहजकर्ता तथा विद्यालय सहायक र सहयोगी कर्मचरीलाई यस आ.व. गाउँपालिकाको स्रोतबाट थप तलब भता दिईएको नियमसंगत नदेखिएकोर रु.
<table>
<tr><th>भौ.नं. मिति</th><th>थप तलब भत्ता</th><th>रकम</th></tr>
<tr><td>२।०७६।६।६</td><td>बालविकास केन्द्र,स.का,</td><td>६३६०००</td></tr>
<tr><td>६।०७६।९।१६</td><td>बालविकास केन्द्र,स.का. र वि.क.</td><td>६३६०००</td></tr>
<tr><td>१४।०७६।१२।१०</td><td>बालविकास केन्द्र,स.का, वि.क.</td><td>२१००००</td></tr>
<tr><td>१६।०७७।१।७</td><td>बालविकास केन्द्र,स.का, वि.क.</td><td>४२००००</td></tr>
<tr><td>१९।०७७।३।८</td><td>बालविकास केन्द्र,स.का, वि.क.</td><td>६३६०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५३८०००</td></tr>
</table></td><td>२५३८०००/-</td></tr>
<tr><td>६२.</td><td>उत्तरपुस्तिका छपाईः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा प्याकेज बनाई खरिद गर्न नहुने व्यवस्था भएकोमा कार्यालयले उतरपुस्तिका छपाई गर्दा रु. ५ लाख भन्दा मुनिका टुक्रे प्याकेज मार्फत पटक पटक खरिद गरी जनपथ छापाखाना एण्ड स्क्रीन प्रिन्टलाई भुक्तानी दिएको नियमसंगत नदेखिएको रु.
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>प्रकाशनको नाम</th><th>रकम</th></tr>
<tr><td>३।०७६।६।१६</td><td>जनपथ छापाखाना एण्ड स्क्रीन प्रिन्ट</td><td>१८०८३२</td></tr>
<tr><td>९।०७६।१०।९</td><td>जनपथ छापाखाना एण्ड स्क्रीन प्रिन्ट</td><td>१७८७०९</td></tr>
<tr><td>१७।०७७।२।६</td><td>जनपथ छापाखाना एण्ड स्क्रीन प्रिन्ट</td><td>१७४२५१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>५३३७९२</td></tr>
</table></td><td>५३३७९२/-</td></tr>
<tr><td>६३.</td><td>अंग्रेजी माध्यमको पुस्तक खरिदः कार्यक्रम कार्यान्वयन पुस्तिका, आ.व.२०७६।७७ को क्रियाकलाप नं ३.१ प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक सशर्त बजेटमा अनुदान दिने व्यवस्था छ । पालिकाले अंग्रेजी माध्यमका लागि थप पुस्तक खरिद कार्यमा रु.१ ६,५०,०८३।- खर्च गरेको छ । कोरोना संक्रमणको कारण शैक्षिक सत्र २०७७ शुरु नभएको अवधिमा समेत अंग्रेजी माध्यमबाट पढाइने पुस्तक खरिद गरी खर्च गरेकोमा खरिद गरिएका पुस्तकहरुको वितरण अवस्था पेश हुनुपर्दछ ।
<table>
<tr><th>गो.भौ.नं. मिति</th><th>शिर्षक</th><th>रकम</th></tr>
<tr><td>२०।०७७।३।९</td><td>अंग्रेजी माध्यमको पुस्तक खरिद</td><td>१०६५६८६</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | २१।०७७।३।२४ | अंग्रेजी माध्यमको पुस्तक खरिद | ५८४३९७ | |
| | | जम्मा | १६५००८३ | |
| ६४. | **इन्टरनेट जडानः** २६।०७७।३।२९ अत्री नेटवर्कस एण्ड कम्प्युनिकेशन ग्रामथान-२, झोराहाटसँग रु.४९९४६०।- विद्यालयमा इन्टरनेट जडान खर्च भुक्तानी गरेको छ। लकडाउनको अवस्थामा विद्यालय संचालन नभएको कारण ईन्टरनेट जडान खर्च पुष्टिहुनुपर्छ । | | | |
| | **सामाजिक सुरक्षा** | | | |
| ६५. | सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यबिधि, २०७५ को दफा ११ अनुसार गाँउपालिका वा नगरपालिकाले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहित अनुसूची-५ बमोजिमको मूल अभिलेख अद्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ । सामाजिक सुरक्षा पाउने व्यक्तिको नामनामेसी नागरिकता नंबर, परिचय पत्र नंबर, फोटो आदि विवरण अद्यावधिक राखी मूल अभिलेख खाता व्यवस्थित गरी सोही प्रमाणका आधारमा वित्तीय सूचना प्रणाली (MIS) मा डाटा अपलोड गर्दै दोहोरो नपर्ने गरी अभिलेख भिडान हुने गरी राख्नु पर्दछ । कार्यालयले MIS अभिलेख अद्यावधिक गरिएको देखिएन । | | | |
| ६६. | **सामाजिक सुरक्षा फिर्ताः–** कार्यालयले बैंक मार्फत सामजिक सुरक्षा भत्ता वितरण गरेको पाइयो । यस आर्थिक वर्षमा संघीय सरकारबाट रु. ७०४५६८००/- प्राप्त गरी लाभग्राहीहरुको खातामा जम्मा भएको रु. ७००५६२००/- तथा बाँकी रहेको रकम रु. ४००६००/- फिर्ता गरेको पाईयो । | | | |
| ६७. | आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ६८ अनुसार प्रत्येक कार्यालय प्रमुखले आफ्नो कार्यालयको धरौटी खातामा जम्मा भएको धरौटी रकमको कारोबारको लेखा गोश्वरा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्नेछ । अवधि र प्रयोजन समाप्त भएका धरौटी दफा ६४ वमोजिम यकिन गरी राजश्वमा दाखिला गर्नुपर्दछ । | | | |
| ६८. | **कोभिड १९/ प्रकोप व्यवस्थापन कोषः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विषेश परिस्थितिमा ऐनको दफा ६६ बमोजिम एक तहमाथिको स्वीकृति लिएर सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार खरिद गर्दा सार्वजनिक निकायले खरिदको आवश्यकताको लिखित विवरण गुणस्तर परिमाण शर्त र कार्य सम्पन्न गर्ने अवधि जस्ता विवरण तयार गरी आकस्मिक परिस्थितिको सामना गर्न आवश्यक परिमाण र समय अवधिका लागिमात्र यथासम्भव प्रतिस्पर्धा गराई वा एउटा मात्र निर्माण व्यवसायी आपूर्ति गर्दा परामर्शदाता वा सेवा प्रदायकसँग लिखित दरभाउ वा प्रस्ताव लिई स्वच्छ र उचित मूल्यको लागि वार्ता गरी खरिद गर्नुपर्ने खरिद गर्दा विशेष परिस्थिति सम्बन्धी विवरण तत्काल खरिद नगर्दा सार्वजनिक सुरक्षा हित तथा समुदायिक स्वास्थ्यमा पर्ने संकट र खरिदका अन्य विधि अपनाउन नसकिने कारण आधार खुलाउनु पर्ने त्यस्तै सार्वजनिक निकायले १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गरेको भएमा त्यस्तो निकायले त्यसरी खरिद भएको विवरणको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र सो को जानकारी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई पठाउनु पर्ने व्यवस्था छ। तर यस कार्यालयले कोभिड १९ नियन्त्रणका लागि आवश्यक पर्ने औषधिजन्य सामग्री तथा राहात सामाग्रीलगायत खरिद गर्दा लागत अनुमान समेत तयार नगरी खुला दररेट माग गरी तथा सोझै निम्नअनुसारको खरिद गरेको देखियो। साथै सार्वजनिक खरिद अनुगमन कार्यालयमा समेत जानकारी पठएको देखिएन। यसरी कानुनको प्रावधान विपरीत गरेको खर्च नियमसम्मत देखिएन। | | | |

| गो.भौ.नं. | विवरण | भुक्तानी लिनेको विवरण | रकम |
|---|---|---|---|
| १५-२०७६।१२।२० | खाद्यन्न खरिद | उमर खाद्य उद्योग | ४८९०३२ |
| १६-२०७६।१२।२४ | नुन खरिद | साल्ट ट्रडिङ्ग | ५२००० |

| | | | |
|---|---|---|---|
| १८-२०७६।१२।२७ | खाद्यन्न | उमर खाद्य उद्योग | ५७६७६६ |
| १९-२०७७।१।७ | माक्स तथा साबुन | कुशल जेनेरल स्टोर | १३७४१७ |
| २०-२०७७।१।७ | खाद्यन्न | उमर खाद्य उद्योग | ४४२६७७ |
| २२-२०७७।१।१२ | माक्स खरिद | पि एण्ड के होजीयारी टेलर्स | ९१५३० |
| २३-२०७७।१।१२ | खाद्यन्न | शिवगला खरिद विक्री | १७०१६६ |
| २५-२०७७।१।२ | खाद्यन्न | उमर खाद्य उद्योग | २८६०४० |
| ३०-२०७७।१।१७ | खाद्यन्न | शिवगला खरिद विक्री | २४१०४१ |
| ३५-२०७७।१।२८ | खाद्यन्न | श्री शिवशंकर राईस मिल | ४३४८०० |
| ३४-२०७७।१।२३ | खाद्यन्न | श्री भगवन सेलर मिल | ४६५७५० |
| ३३-२०७७।१।२३ | माक्स तथा पानीको ड्रम वितरण | अरगबति देवी गच्छदार | १२५५५० |
| ३२-२०७७।१।२१ | खाद्यन्न | ओउमर खाद्य उद्योग | २५२३०५ |
| ३१-२०७७।१।१७ | औषधि खरिद | ग्यालेक्सि फर्मा डिस्ट्रिव्युसन | ९९५५० |
| ३९-२०७७।२।६ | खाद्यन्न | शिवगला खरिद विक्री | १५११५० |
| ३८-२०७७।१।३० | खाद्यन्न | श्री भगवन सेलर मिल | ५५९७५० |
| ३६-२०७७।१।२८ | माक्स | अलिमिन फेशन उद्योग | १५४००७ |
| ४९-२०७७।२।२९ | खाद्यन्न | श्री भगवन सेलर मिल | ४७३८५० |
| ४८-२०७७।२।२९ | माक्स | कुशल जनरल स्टोर | १५६७८७ |
| ४७-२०७७।२।२९ | खाद्यन्न | उमर खाद्य उद्योग | २०४५५० |
| ४६-२०७७।२।२९ | खाद्यन्न | भगवन सेलर मिल | ३४४२५० |
| ५५-२०७७।३।५ | क्वारेन्टाइन व्यवस्थापन | सरस्वती सप्लायर्स एण्ड ट्रेडर्स | ४३०७८४ |
| ५४-२०७७।३।५ | क्वारेन्टाइन व्यवस्थापन | राजकुमार झा | ५००००० |
| ५०-२०७७।२।३० | आइसोलेशन व्यवस्थापन (झोराहाट स्वास्थ्य केन्द्र) | राजकुमार झा | ५००००० |
| ७०-२०७७।३।१६ | क्वारेन्टाइन निर्माण | मनोजकुमार मेहता | ११९२९१ |
| ५६-२०७७।३।१४ | क्वारेन्टाइन व्यवस्थापन | मोहन ट्रेडर्स एण्ड सप्लायर्स | ४६८८२० |
| ५९-२०७७।३।११ | क्वारेन्टाइन व्यवस्थापन | अर्जुन सरदार | ५०२०६ |

| | | | |
|---|---|---|---|
| ५६-२०७७।३।५ | क्वारेन्टाइन व्यवस्थापन | प्रदिप इन्टरप्राइजेज | ४८८०४७ |
| ७५-२०७७।३।१९ | क्वारेन्टाइन निर्माण | तुलाराम माझी | ९८४०७ |
| | | जम्मा | ८५६४५२३ |

६९. **पेश्की:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ८१(२) मा पेश्कीको लगत राखी म्याद भित्र पेश्की फछ्र्यौट नगर्ने नगराउनेलाई नियम ७९ र ८४ बमोजिम कारवाही गर्नुपर्ने व्यवस्था छ । तर देहायको व्यक्ति, संस्था, फर्म, कम्पनी, पदाधिकारी कर्मचारीहरुलई आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट हुन नसक्ने गरी पेश्की दिएको देखिएकोले नियमावलीको नियम ७९ र ८४ अनुसार कारवाही गरी पेश्की फछ्र्यौट गर्नुपर्ने देखिएको रु. २४५०३००

| पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | प्रयोजन | पेश्की |
|---|---|---|
| अनिल कुमार खाँ थारु | कार्यक्रम | १२०००० |
| अर्जुन सरदार | कार्यक्रम | १७५००० |
| जितनारायण भगत | कार्यक्रम | १००००० |
| रमेश कुमार चौधरी | कार्यक्रम | २३२००० |
| सिठरु विश्वास | कार्यक्रम | २००००० |
| भिम प्रसाद न्यौपाने | कार्यक्रम | २१३३०० |
| मनोज कुमार मेहता | कार्यक्रम | १००००० |
| संतोष गौतम | कार्यक्रम | १००००० |
| अंचल नेपाल | कार्यक्रम | ३९५००० |
| अशोक कुमार यादव | कार्यक्रम | २३५००० |
| ज्ञाननाथ भट्टराई | कार्यक्रम | १००००० |
| ननिलाल चौधरी | कार्यक्रम | २००००० |
| जनता सार्वजनिक आधारभुत विधालय | कार्यक्रम | १४०००० |
| लोहन्द्रा आदारभुत विधयालय | कार्यक्रम | १४०००० |
| | जम्म | २४५०३०० |

७०. पालिकाको आन्तरीक लेखापरीक्षणबाट औल्याईएका व्यहोराहरु लेखापरीक्षण अवधिसम्म असुल फछ्र्यौट भई नआएकोले प्रतिवेदनमा समावेश गरीएको छ । निम्नानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।

७०.१. अन्य निकायको सवारी साधनको इन्धन तथा कार्यालय सामान कार्यालयको प्रयोजन तथा कार्यदिश विना इन्धन वापत भुक्तानी दिन नहुनेमा कार्यालयले अन्य निकायमा इन्धन वापतको खर्च गरेकोमा किफायती गर्नुपर्दछ ।

७०.२. सार्वजनिक खरिद नियमवाली, २०६३ को परिच्छेद-२ को उपनियम ४ र ५ बमोजिम अधिकार प्राप्त अधिकारीको आदेश बिना खरिद गर्न नहुनेमा सो नियमको व्यवस्था पालना भएको पाईएन ।

७०.३. वडा नं.४ वडा सदस्य सत्य नारायण माझीले मर्मतका लागि निवेदन पेश गरेको आधारमा को.३.प.४१२ नं. को मोटरसाइकल (निजी साधन ) मर्मत सम्भार वापतको रकम रु. ५०००।– भुक्तानी गरेकोले निजी सवारी साधन मर्मत खर्च असूल उपर गर्नु पर्ने रु. ५०००

७०.४. वडा नं. ४ का वडा अध्यक्ष वैजनाथ विश्वासको मर्मत आवेदन फारमको विल नं .२५ मा रु. ९२०० को मर्मत विल समावेश गरी रु. ९७०० भुक्तानी गरेकोले सो बढी भुक्तानी असुल उपर गर्नुपर्ने रु. ५००

<table>
<tr><td>७०.५.</td><td>वडा सदस्य सत्य नारायण माझीले मोटरसाईकल प्र. नं.०१-०२४१-२७१ को निजी नम्बरको सवारी मर्मत वापत विल सामवेश गरी भुक्तानी दिएकोले निजी सवारी साधन मर्मत गरेको रकम असुल उपर गर्नु पर्ने रु.</td><td>४६७५</td></tr>
<tr><td>७०.६.</td><td>मोनिका ट्राभल्स एण्ड टुरलाई भिडियो चलचित्र बनाए बापत रु. २००००/- भुक्तानी दिएको पाईयो । भिडियो कार्यक्रमको स्वीकृत वेगर कार्यापलिकाको निर्णयम पनि संलग्न नरहेकोले सो भुक्तानी रकम असुलउपर गरिनुपर्ने रु.</td><td>२००००</td></tr>
<tr><td>७०.७.</td><td>वडा नं ४ को वडा अध्यक्ष बैजनाथ विश्वासले पेश गरेको मर्मत वापतको विल रु. ६९००।– मात्र भएकोमा रु ९७००।- भुक्तानी गरेकोले बढी भुक्तानी रकम असुलउपर गर्नुपर्ने रु.</td><td>२८००</td></tr>
<tr><td>७०.८.</td><td>प्रदेश नं १-०२१-२७१ नम्बरको गाडी मर्मत वापत भौचर नं. ६५४-२०७७/३/३१ बाट रु. १४५०/- भुक्तानी गरेकोमा उक्त सवारी साधन निजी रहेकोले सो रकम असुलउपर गर्नुपर्ने रु</td><td>१४५०</td></tr>
<tr><td>७०.९.</td><td>६८३-२०७७।३।२८- मेलमिलाप समितिका सदस्यलाई चिया खाजाको विल बापतको भुक्तानीमा विल भरपाई भन्दा बढी भक्तानी रहको रकम असूल उपर गर्नु पर्ने रु.</td><td>९०००</td></tr>
<tr><td>७०.१०.</td><td>पूँजीगत तर्फः कार्यालयले विनियोजन गरेको पूँजीगत खर्च शीर्षकबाट देहायको चालू प्रकृतिको वितरणमुखी तथा अनुत्पादक कार्यमा खर्च गरेको नियमसंगत नदेखिएको रु.
<table>
<tr><th>भौ.नं. र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२-२०७६।६।१५</td><td>कर्मधर्मको लागी साँस्कृतिक कार्यक्रम</td><td>३००००</td></tr>
<tr><td>२०७६।७।२५</td><td>नवयुवा समितिलाई आर्थिक सहयोग</td><td>५०००</td></tr>
<tr><td>२०७६।८।३</td><td>विर्ता व्वाइज ग्रुपलाई आर्थिक सहयोग</td><td>१६०००</td></tr>
<tr><td colspan="2">जम्मा रु</td><td>५१०००</td></tr>
</table></td><td>५१०००</td></tr>
<tr><td>७१.</td><td>बेरुजू संपरीक्षण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४(२) (घ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० अनुसार बेरुजूको लगत राख्ने र फछ्र्यौट गरी सम्परीक्षण गर्ने दायित्व जिम्मेवार व्यक्तिको हुने व्यवस्था छ। पालिकाले बाँकी बेरुजू मध्ये डोर समक्ष सम्परीक्षणको लागि रु ३९२००९२ पेश गरेकोमा रु.३९२००९२सम्परीक्षण गरी जानकारी दिईएको छ । डोरमा सम्परीक्षण भएको बेरुजुको विवरण देहाय बमोजिम छ । बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ ।
<table>
<tr><th>आ व</th><th>दफा नं</th><th>विवरण</th><th>संपरीक्षाण रु</th></tr>
<tr><td>२०७५/७६</td><td>१</td><td>जिम्मेवारी भिडाई आएको</td><td>११८९०००</td></tr>
<tr><td>२०७५/७६</td><td>१७</td><td>पेश्की फर्छ्योट</td><td>२६७८४७०</td></tr>
<tr><td>२०७५/७६</td><td>३३</td><td>भ्याट समायोजनको प्रमाण पेश</td><td>५२६२२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३९२००९२</td></tr>
</table></td><td></td></tr>
<tr><td>७२.</td><td>अनुगमन तथा सम्परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाबाट गत विगत वर्षमा देखिको अद्यावधिक बेरुजूको लगत खडा गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>७३.</td><td>संचित कोष र बेरुजूको स्थितिः पालिकाको संचित कोषको स्थिति, बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजूको स्थिति क्रमशः अनुसूची १, अनुसूची-२ र अनुसूची-३ मा समावेश गरिएको छ ।</td><td></td></tr>
</table>

## संचित कोषको विवरण

अनुसूची-१

आ.व. २०७६/७७

(रु. हजारमा)

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्यय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व बाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| प्रदेश नं.१ | मोरङ | ग्रामथान गाउँपालिका | गाउँपालिका | १०२२८४८ | १६००५ | १.५६ | ३७८३१ | ३३३०९४ | ६८५१२ | २०३४२ | ११८७५१ | ५४०६९९ | २४६२८६ | १३०९५७ | १०४९०६ | ४८२१४९ | ९६३८१ |

## बेरुजू बर्गीकरण(विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनुसुची-२

आ.व. २०७६/७७

(रु. हजारमा)

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| प्रदेश नं १ | मोरङ | ग्रामथान गाउँपालिका | गाउँपालिका | ४७ | ४१ | २३४९१ | ० | ७ | ७४८६ | ४७ | ३४ | १६००५ | १७७९ | १०२१२ | १५६५ | ० | ० | ११७७७ | २१६९ | २८० | २४४९ |

## अद्यावधिक बेरुजूको स्थिति

अनुसुची-२

आ.व. २०७६/७७

(रु. हजारमा)

| प्रदेश | जिल्ला | स्थानीय तह | महा/उपमहा/ नगर/गाउँ पालिका | गत वर्षको अनुसूचीवाट | समायोजन | गत बर्ष सम्मको वाँकी वेरुजु | सं.प.को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रदेश नं १ | मोरङ | ग्रामथान गाउँपालिका | गाउँपालिका | ३२९५३ | ० | ३२९५३ | ३९२० | ३९२० | ० | ० | २९०३३ | १६००५ | ४५०३८ | २४४९ |